नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :..........................

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जडान गरिएको तत्काल समस्या समाधान कक्ष (Action Room) को सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले आज मिति २०७६ जेठ १५ गतेका दिन शुभारम्भ गर्नु भयो । नेपाल सरकारको चालु आर्थिक वर्ष (२०७५/०७६) को नीति तथा कार्यक्रममा अनुगमनको पनि अनुगमन गर्ने तथा तत्काल समस्या समाधान कक्ष स्थापना गर्ने विषय उल्लेख भए बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तत्काल समस्या समाधान कक्ष (Action Room) को निर्माण भएको छ । Action Room निर्माण भएसँगै सात वटै प्रदेशका माननीय मुख्य मन्त्रीज्यूहरु आ-आफ्नै कार्यकक्षमा रहेर Video Conference मार्फत एक आपसमा तथा एकै पटक सबैसँग छलफल गर्न, राज्य सञ्चालन सम्बन्धी विभिन्न विषयमा प्रत्यक्ष सम्वाद गर्न, विकास निर्माणका परियोजनाहरुको प्रगति तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुमा तत्काल राहत र उद्धारका कार्यमा समन्वय गर्न र राष्ट्रिय गौरवका विकास आयोजनाहरुको कार्यन्वयनको स्तरलाई अनलाइन प्रणाली मार्फत तत्काल अनुगमन गर्ने व्यवस्थाको आधार तयार भएको छ ।

शुभारम्भ कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टज्यू, कर्णाली प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाज्यू, प्रदेश नम्बर ५ का माननीय मुख्य मन्त्री शंकर पोखरेलज्यू, गण्डकी प्रदेशका माननीय मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङ्गज्यू, प्रदेश नम्बर ३ का माननीय मुख्य मन्त्री डोरमणी पौडेलज्यू, प्रदेश नम्बर २ का माननीय मुख्य मन्त्री लाल बाबु राउतज्यू तथा प्रदेश नं. १ का माननीय मुख्य मन्त्री शेरधन राईज्यूसँग छुट्टाछुट्टै तथा सामूहिक रुपमा सम्वाद गरी Action Room कक्षको शुभारम्भ गरियो । सो अवसरमा प्रदेशका मुख्य मन्त्रीज्यूहरुले Action Room को शुरुवातसँगै

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

डिजिटल नेपालको अभियानमा सार्थकता पुग्ने विश्वास व्यक्त गर्नु भयो । माननीय मुख्य मन्त्रीज्यूहरुले प्रदेशका समस्याहरु, विकास निर्माणका सवालहरु, विपद् व्यवस्थापन लगायतका विषयहरुमा संघीय सरकारसँग प्रत्यक्ष र तत्काल सम्वाद गरी समाधानका उपायहरु निकाल्न सकिने भएकोले यो प्रणाली जडानका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई बधाई तथा धन्यवाद समेत दिनु भयो । वहाँहरुले यसबाट प्रदेश सरकारहरुको संघीय सरकारसँगको सम्बन्धमा नया आयाम थपिने र विकास निर्माणका काममा पारदर्शिता बढ्ने विश्वास व्यक्त गर्नु भयो ।

माननीय मुख्य मन्त्रीज्यूहरुसँगको छलफलका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले डिजिटल नेपालतर्फ हाम्रो यात्रा अगाडि बढेको र विकालाई प्रविधिसँग जोड्दै आधुनिकीकरण गर्ने सो मार्फत् देशमा सुशासन कायम हुन सघाउ पुग्ने बताउनु भयो।

मितिः २०७६।०२।१५

..................................
(विनोदबहादुर कुँवर)
प्रवक्ता